**Constitution Building e-Bulletin**

A quick and easy way to update yourself on the latest CCD news.

प्रिय पाठकवृन्द,

वर्ष १ अङ्क ७, २०१० को संविधान निर्माण इ-बुलेटिन तपाईं सामु प्रस्तुत छ। यसभित्र नेपालमा संविधान निर्माणको क्षेत्रमा काम गरिरहेका व्यक्तिका साथै नयाँ संविधानतर्फ नेपालको द्रुत प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य नागरिकका निम्ति पनि रूचिपूर्ण एवं सान्दर्भिक जानकारी र स्रोत सामग्री संलग्न छन्। संविधानसभा, संयुक्त राष्ट्रसंघ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संगठन, अन्तरराष्ट्रिय गैसस र अन्य निकायसँगको सामञ्जस्यताबाट यो जानकारी तयार गरिएको हो। सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्रको वेबसाइट (http://www.ccd.org.np/new) मा पनि राखिनेछ। तपाईंले आगामी दिनका अद्यावधिक जानकारी र वेबसाइटका लागि कुनै सहयोगी सामग्री वा जानकारी दिन चाहनुभएमा सो सामग्री यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिन हुन प्रेरित गर्दछौं। कृपया आफूसँग भएको जानकारीलाई आवश्यक सन्दर्भ सामग्री र वेब लिङ्कसहित info@ccd.org.np मा पठाउनुहोला।

यो इ-बुलेटिन यहाँको निम्ति रोचक र लाभदायी रहनेछ भन्ने आशा गर्दछौं।

यहाँहरूकै,

संवैधानिक संवाद केन्द्र (सीसीडी)

## यस बुलेटिनमा

- ***संविधानसभामा के हुँदैछ ?***
- ***संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?***
- ***संविधानसभाका महिला सदस्य रामरति रामसँगको अन्तर्वार्ता***
- ***नागरिक समाज पहुँच कार्यक्रमका गतिविधिहरू:***
- ***बीबीसी वर्ल्ड ट्रस्टका गतिविधिहरू***
- ***संविधान निर्माणसम्बन्धी स्रोत सामग्री तथा नयाँ प्रकाशनहरू***

## संविधानसभामा के हुँदैछ ?

### पछिल्ला घट्नाक्रमहरू

१. एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, प्रचण्डद्वारा नेतृत्व गरिएको राजनैतिक दलका नेताहरूको उच्चस्तरीय कार्यदलको विभिन्न वैठकपछि प्रस्तावित मसौदा संविधानका महत्वपूर्ण पक्षहरूमा सहमति भएको छ। यसमा सङ्घीय तथा प्रादेशिक तहमा सरकारी भाषाको प्रयोग, नागरिकता तथा न्यायपालिकासँग सम्बन्धित मुद्दाहरू समावेश छन्। वैठकका निर्णयहरू औपचारिक रूपमा घोषणा वा लिखित रूपमा प्रकाशित भने भएको छैन तर कार्यदलको सदस्यहरूले वैठकपछि सञ्चार माध्यमसामु गरेका घोषणा उपरोक्त मुद्दाहरूमा वास्तवमा उल्लेख्य रूपमा प्रगति भएका छन् भनी निष्कर्षमा पुग्न सकिन्छ। अझपनि प्राविधिक पक्षहरूमा भएका सहमतिका स्पष्ट बुँदाहरूको निर्क्योल गर्न कठिन भएको छ भने यस सम्बन्धमा कार्यदल तथा सहयोगी समूहका विभिन्न सदस्यका कुराहरूमा कहिलेकाही पूर्ण रूपमा एकरूपता पाईंदैन।

२. कार्तिक १८, २०६७ को समयासीमा भित्र कार्य सम्पन्न गर्न सम्भव नदेखिएपछि सोही दिन बसेको २७ दलको वैठकले उच्चस्तरीय कार्यदलको समयावधि मंसिर २५, २०६७ सम्मका लागि बढाएको छ। संविधानसभाको प्रतिवेदन अध्ययन तथा विश्लेषण समितिले पहिचान गरेका कुल २२० वटा खुल्ला प्रश्नहरूमध्ये करिब ३९ वटा खुल्ला प्रश्नहरूमा मात्र उच्चस्तरीय कार्यदलमा सहमति जुटेको भनिएको छ। तर, प्रतिवेदनमा प्रस्तुत खुल्ला प्रश्नहरूको संख्या सम्बन्धित महत्वको हद वा राजनैतिक दलहरूको आ-आफ्नै अडानबीचको दूरीसँग समरूप नभएको अवस्थामा यो तथ्याङ्क भ्रमपूर्णपनि हुन सक्छन्।

३. हाल प्राप्त प्रगतिको महत्व वास्तवमा मसौदा प्रक्रिया तथा विवादित मुद्दाहरूमा सम्झौता वार्तामा दलका सर्वोच्च तहका नेताले पहिलो पटक व्यक्तिगत तथा गहन रूपमा संलग्न तथा उनीहरू केही एकदमै जटिल प्रश्नहरूको समाधानमा अग्रसर हुनु हो। यसमा उनीहरूले सामान्यतया संविधानसभासदहरू तथा कार्यदलमा प्रतिनिधित्व नगरेका दलहरूको सहयोग हासिल गरेका छन्। यसले उपर्युक्त समयसीमा भित्र मसौदा संविधान तयार हुनेछ भन्ने आशा पलाएको छ। यसले कम्तीमा पनि मसौदा निर्माणमा केही जनपरामर्श र २८ मे २०११ मा घोषणा तथा ग्रहणका लागि समय प्रदान गर्नेछ गर्नेछ।

४. कार्तिक १९ र २० गते तीन मुख्य दलका शिर्ष नेताहरूको दुई दिने उच्चस्तरीय वैठक बस्यो। वैठकको विषय सूचीमध्ये “मसौदा संविधानको निर्माणमा जटिल/विवादित मुद्दाहरूमा सहमतिमा पुग्ने” एउटा विषय थियो तर वैठक भने नयाँ सरकार गठन तथा शान्ति प्रक्रियाको टुङ्गो र यी दुई विषयबीचको सम्बन्धमा दलहरूमा विद्यमान गहिरो विभाजन मै केन्द्रित रह्यो। समय तथा निर्णयको आवश्यकतालाई ध्यानमा राखी वैठक भने निरन्तर बस्ने गरिएको छ र दलका नेताहरू चाँडै सहमति हासिल हुने कुरामा बढदो आशा व्यक्त गरिरहेका छन्।

## मसौदा संविधानको सन्दर्भमा

### १. न्यायपालिका

क) यस सम्बन्धमा भएको सबभन्दा उल्लेखनीय प्रगति भनेको प्रधान न्यायधीस तथा सर्वोच्च अदालतका न्यायधीसहरु संसदीय समितिबाट नियुक्त गरिनु पर्छ भन्ने आफ्नो पहिलेको अडानबाट माओवादी हट्नु हो । कार्यदल सरकार प्रमुख (राष्टपति वा प्रधानमन्त्री, सरकारको स्वरूप निर्धारणका सम्बन्धमा हुने सहमति अनुरूप) अध्यक्ष । प्रमुख रहने गरी संवैधानिक परिषद (तर निकायको नाम भने अझै निर्णय गर्न बाँकी रहेको छ ।) गठन गर्नमा सहमत भएको छ । परिषदको सदस्यहरुमा प्रधान न्यायधीस, सङ्घीय संसदका सभामुख, प्रतिपक्षी दलका नेता र कानुन तथा न्याय मन्त्री रहने सम्बन्धमा पनि सहमति भएको छ । तर परिषदको स्पष्ट संरचना तथा क्षेत्राधिकार भने अझै तय हुन बाँकि रहेको छ । परिषदले प्रधान न्यायधीस तथा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरुको नियुक्ति गर्नेछ । तर सर्वोच्च अदालतका न्यायधीसहरुको नियुक्ति गर्ने जिम्मेवारी परिषदलाई दिने वा नदिने भन्ने सम्बन्धमा दलहरु आपसमा अझै सहमत हुन बाँकि रहेको देखिन्छ ।

ख) नेका र नेकपा -एमाले भने सर्वोच्च अदालत, प्रादेशिक अदालत तथा तल्लो तहका अदालतका न्यायधीसहरुको नियुक्ति गर्न अर्कै परिषद (न्याय परिषद) को गठन गर्ने पक्षमा रहेका छन् । माओवादीले भने अर्कै परिषद (न्याय परिषद) को गठन गर्ने विचारको विरोध गरेको छ, तर यदि वास्तव मै न्याय परिषद आवश्यक भए संसदका सभामुख अध्यक्ष रहनेगरी यसको गठन गर्नु पर्ने बताउँछन् । यहाँ अर्को सहमति पनि भएको छ यदि यस्तो न्याय परिषदको गठन भए सर्वोच्च अदालतका वरिष्ठ न्यायधीस, नेपाल बार एशोसियसनका अध्यक्ष र कानुन तथा न्याय मन्त्री परिषदको पदेन सदस्यको रूपमा रहने छन् ।

ग) न्यायपालिका कार्यपालिका र व्यवस्थापिकाबाट स्वतन्त्र तथा संविधानको व्याख्यताको रूपमा रहने छ भन्ने सम्बन्धमा कार्यदल सहमत भएको छ । तर संविधानको अन्तिम तथा बाध्यकारी व्याख्या गर्ने संवैधानिक अधिकार सर्वोच्च अदालत वा संवैधानिक अदालत कुनमा रहने भन्ने विषयमा कार्यदल अझैपनि सहमतिमा पुग्न सकेको छैन ।

### २. राष्ट्रिय हितको संरक्षण

**क)** कार्यदलका सदस्यहरूबीच सङ्घीय प्रणालीका विभिन्न तहमा अन्तरराष्ट्रिय सन्धि वा सम्झौता गर्ने अधिकारसम्बन्धी केही सहमति भएको छ । प्रान्तको क्षेत्राधिकार भित्र पर्न आउने वा अन्य कुनै प्रकारले प्रान्तलाई असर गर्ने खालका कुनैपनि सन्धि वा सम्झौतामा हस्ताक्षर गर्नु पूर्व सङ्घीय सरकारले सम्बन्धित प्रान्तको सहमति लिनु पर्नेछ भन्ने प्रावधान समावेश गर्ने

कुराको निर्णय भएको छ । यस्तै विदेशी पक्षसँग वित्तीय तथा औद्योगिक विषयवस्तु सँग सम्बन्धित कुनैपनि सम्झौतामा हस्ताक्षर गर्नु पूर्व प्रान्तले सङ्घीय सरकारको सहमति लिनु पर्ने प्रावधानलाई पनि समावेश गर्ने कुरामा कार्यदलले निर्णय गरेको छ ।

**ख**) अन्त्यमा मन्त्रीपरिषद्को सिफारिसमा नेपाली राष्ट्रिय सेनाको प्रधानसेनापतिको नियुक्ति तथा पदमुक्ति गर्ने अधिकार राष्ट्रप्रमुखलाई प्रदान गर्ने कुरामा सहमति भएको छ । अठार वर्ष भन्दा माथिका नागरिकलाई सैनिक शिक्षा र तालिमको व्यवस्था गर्ने तथा संविधानमा जनयुद्ध, शिविर र लडाकू जस्ता शब्दहरूको उल्लेख गर्ने भन्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने जिम्मेवारी संविधानसभाको संवैधानिक समितिलाई प्रदान गर्न कार्यदल सहमत भएको छ ।

## ३. नागरिकता

क) कोही पनि नेपाली नागरिक नागरिकता प्राप्तिको अधिकारबाट बन्चित नहोस भन्नेमा कार्यदल सहमत भएको छ । त्यस्तै कार्यदल सङ्घीय एकल नागरिकताको व्यवस्था हुनुपर्ने र यसमा जातजाति, समुदाय तथा भौगोलिक उत्पतिसम्बन्धी विवरणपनि समावेश हुन सक्ने प्रादेशिक पहिचानसमेत उल्लेख हुनसक्ने सम्भावना सहितको नागरिकताको व्यवस्था हुनुपर्ने भनी सहमत भएको छ । नागरिकताको जारी तथा व्यवस्थापन कानुनमा व्यवस्था भए बमोजिम अधिकारको वितरणसम्बन्धी सूचीमा उल्लेख भएका जिम्मेवारीहरु अनुसार गरिनेछ ।

ख) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिको आमा र बाबु दुवै नेपाली नागरिक हुनु पर्नेछ भन्नेमा कार्यदल सहमत भएको छ । यो व्यवस्था नागरिकताका लागि आमा वा बाबुमा कुनै एक मात्र भएपनि पुग्ने भन्ने माओवादीले प्रस्तुत गरे लगायत पहिलेको प्रस्तावको विपरित रहेको छ । नेपालमा बसोबास भएका नेपाली आमा ( नागरिक)बाट जन्मेको तर बाबुको ठेगान नभएको व्यक्तिलाई अङ्गीकृत नागरिकता प्रदान गर्ने व्यवस्था बनाइनेछ ।

(ग) अङ्गीकृत नागरिकताका सम्बन्धमा अझ प्रतिबन्धात्मक देखिने व्यवस्था राख्ने कुरामा कार्यदल सहमत भएको छ । उनीहरु विदेशी पुरुष र महिलाबीच फरक छुत्याएका छन् र पुरुषका हकमा योग्यताका लागि लामो समयावधि बसोबास गरेको हुनुपर्ने प्रावधान समावेश गर्नेछ । नेपाली नागरिकसँग विवाह गरेको र निरन्तर रूपमा पन्ध्र वर्ष नेपालमा बसोबास गरेको पुरुष विदेशी नागरिकले चाहेमा अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले आफनो देशको नागरिकता त्याग गरेपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

(घ) नेपालको राष्ट्रप्रमुख तथा उप-प्रमुख, प्रधानमन्त्री, सङ्घीय व्यवस्थापिका र न्यायपालिकाको प्रमुख, सुरक्षा निकायका प्रमुख, र प्रदेशका प्रमुख र उपप्रमुख पदका लागि योग्य हुन कोही

व्यक्ति नेपाली नागरिक (अर्थात् अङ्गीकृत नागरिक होइन) हुनु पर्नेछ भन्ने विषयमा पनि कार्यदल सहमत भएको छ ।

ङ) नेपाली नागरिकता त्याग गरेका तथा  विदेशी नागरिकता हासिल गरेका र सार्क क्षेत्र बाहिर बसोबास गर्ने नेपाली मूलका व्यक्तिलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुमा पहुँच दिने गरी गैर आवासीय नागरिकताको दर्जाका सम्बन्धमा कार्यदल सहमत भएको छ ।

च)संविधानसभा मौलिक अधिकारसम्बन्धी समितिले तयार गरेका अवधारणा पत्र तथा समितिका प्रतिवेदनमा नागरिकतासम्बन्धी भाग समावेश गरेको छ, सो सम्बन्धमा राष्टसङ्घीय निकायहरु तथा मानव अधिकार समूहका साथै केही संविधानसभासदहरुले ती सवालहरुमा प्रारम्भिक सरोकार व्यक्त गरेका छन् र संविधानसभामा थप बहस गर्ने योजना बनाइरहेका छन् । ती सरोकारहरु सुस्पष्ट लैंगिक विभेद, नागरिकता प्राप्तीका ज्यादै प्रतिबन्धात्मक व्यवस्थाले नेपालमा राज्यविहिनता, वंशज र अङ्गीकृत नागरिकताबीच बढदो भेद र नागरिकतासँग धेरै नागरिक तथा राजनैतिक अधिकारहरुको सम्बन्ध रहेकोले बाध्यकारी अन्तरराष्टिय मानव अधिकार कानुनको स्पष्ट उल्लंघनमा थप उल्लेख्य बृद्धिको कारण बन्नेछ भने कुरासँग सम्बन्धित छन् ।

## ४. सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण (सरकारी भाषा)

(क) नयाँ कानुनमा सङ्घीय सरकारको सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषा हुनेछ भनी घोषणा गर्न कार्यदल सहमत भएको छ । तर भाषा नीति भने बहुभाषिक हुने र प्रान्तीय विधायिकाको निर्णयबाट आफ्नो सरकारी कामकाजको भाषाको छनौट गर्ने अधिकार प्रान्तसँग रहनेछ । तर नेपाली भाषा केन्द्र तथा नयाँ निकायले अन्य भाषाको मान्यता नदिएसम्मका लागि प्रान्तको समेत सरकारी कामकाजको भाषा हुनेछ । प्रान्तहरूमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गरिने भाषाहरूको सिफारिसका लागि एक भाषा आयोगको गठन गरिनेछ ।

**५**.साना दलहरुले यस उच्चस्तरीय अभ्यासबाट बहिष्कृत भएका । गरिएको महसूस गरेका छन् र पूर्णरूपमा यसबाट गरिएका निर्णयको साथमा छैनन् । यसको अतिरिक्त, केही निर्णयहरुमा प्रमुख ककसहरु अर्थात् मधेसी ककस तथा आदिवासी ककसका केही असहमति रहेका छन्, उदाहरणका लागि नागरिकतासम्बन्धी अधिकार ।

**६**. २०६७ असोज २५ गते सम्पन्न सर्वदलीय वैठकमार्फत् उच्चस्तरीय कार्यदलले विवादित मुद्दाहरुमा सहमतिमा पुगेपछि वा समाधान गर्न नसकिएका मुद्दाहरुको पहिचान गरेपछि सर्वदलीय वैठकमा सो सम्बन्धी जानकारी पेश गर्ने गरी तयार गरिएको प्रक्रियामा सहमति भएको छ ।

सर्वदलीय वैठक त्यसपछि संविधानसभाको पूर्ण वैठकमा समाहित हुनेछ र सो वैठकले बाँकि रहेका आठवटा समितिका सिफारिससहितका प्रतिवेदनहरुको पूर्ण प्याकेजलाई अनुमोदन गर्नेछ र तिनीहरुलाई संवैधानिक समितिसामु पेश गरिनेछ। ११ मध्ये ३ वटा समितिहरुको प्रतिवेदन पहिल्यै संवैधानिक समितिमा पेश गरिसकेको छ।

आइडिया इन्टरनेशनलको साझेदारीमा नेपाल कानुन समाजले सङ्घीय गणतन्त्र नेपालको संविधान (संविधानसभाका अवधारणा पत्र तथा प्रारम्भिक मसौदामा आधारित रहेर) नामक एउटा दस्तावेज तयार पारेको छ। यो मसौदा ११ वटा विषयगत समितिहरुको प्रतिवेदनमा आधारित रहेको छ भने संविधानसभालाई मसौदा संविधान तयार पार्नमा सहयोग गर्ने लक्ष्य रहेको छ। संविधानविज्ञ, मसौदाकार, कानुनविज्ञ तथा राजनैतिक नेताहरुगरी करिब ३० जना विभिन्न विज्ञहरु संलग्न रही नेपाल कानुन समाज। आइडिया इन्टरनेशनलको तर्फबाट यो मसौदा तयार गरिएको थियो। संविधानसभा तथा संवैधानिक समितिले एकिकृत मसौदा संविधान तयार गर्न शुरु गर्ने बेलामा सहयोग पुऱ्याउने उद्देश्यमा यस मसौदामा प्रस्तुत गरिएको छ। पहिलो मसौदा अहिले राष्ट्रिय तथा अन्तरराष्ट्रिय संविधानविज्ञसमक्ष टिप्पणीका लागि पेश गरिएको छ। मसौदाको अन्तिम रूप दिनु अघि राजनैतिक नेताहरुसँग छलफलपनि गरिनेछ।

## संवैधानिक संवाद केन्द्रमा के हुँदैछ ?

### संवैधानिक संवाद केन्द्र (सीसीडी) द्वारा आयोजित संवाद तथा सम्मेलन श्रृङ्खलाहरू



**<u>सीसीडी संवाद तथा सम्मेलन श्रृङ्खला</u>**

**नेपालमा सङ्घीयता : यसले कसरी काम गर्छ ?**

**नेपाली तथा अन्तरराष्ट्रिय विज्ञहरूबाट हुने प्रस्तुति, छलफल, तथा सम्मेलनहरू नयाँ संविधानमा तथा त्यसपछि नेपाललाई सङ्घीय राज्यमा सफलतापूर्वक रूपान्तरण हुनका लागि सम्बोधन गरिनुपर्ने मुद्दाहरूबारे सभासद्हरू, उनीहरूका सहयोगी कर्मचारीवर्ग र सर्वसाधारणहरूलाई जानकारी गराउने उद्देश्यले बनाइएका छन्। यस्ता रोचक कार्यक्रमबारे बुझ्दै जाँदा यहाँहरूलाई अझ बढी जानकारी प्राप्त गर्ने इच्छा हुनसक्छ। सीसीडीमा आयोजित कुनैपनि कार्यक्रमसम्बन्धी पूर्ण प्रस्तुति तथा पावरप्वाइन्ट स्लाइडहरू प्राप्त गर्न वा विस्तृत जानकारीका लागि info@ccd.org.np मा अनुरोध गरी इमेल गर्नसक्नु हुनेछ।**

## नयाँ संविधानमा भूमिसुधारका मुद्दाहरू विषयक अन्तरक्रिया कार्यक्रम – कार्तिक २५, २०६७



२०६७ कार्तिक २५गतेका दिन सीसीडीद्वारा नयाँ संविधानमा भूमिसुधारका मुद्दाविषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा कुल ३९ जना सहभागीहरु थिए । यसमध्ये ११ जना संविधानसभाका सदस्यहरु थिए । पीएचडी अनुसन्धाता पूर्ण बहादुर नेपालीले उक्त विषयमा आफनो विचार पेश गर्नुभयो । त्यसपछि नेपाल राष्ट्रिय सहकारी महासंघ लि. का अध्यक्ष केशव प्रसाद बडालले आफनो टिप्पणी प्रस्तुत गर्नुभयो । नेपालीजीले पृष्ठभूमि, सिद्धान्त, असल अभ्यासहरु, संविधानसभाका समितिका प्रतिवेदन तथा विकल्पहरु प्रस्तुत गर्नुभयो । भूमि भनेको आर्थिक तथा राजनैतिक अधिकारहरुको स्रोत हो र यसले कृषिप्रधान समाजमा व्यक्तिको सामाजिक तथा आर्थिक अवस्थालाई झल्काउँछ भनी उहाँले आफनो विचार व्यक्त गर्नुभयो । बडालजीले भूमिसुधारका मुद्दालाई समग्र रूपमा हेर्नु पर्ने र आर्थिक उत्पादकत्व तथा सामाजिक न्यायलाई पनि साथसाथमा सन्तुलन बनाइ हेर्नु पर्ने सुझाव दिनुभयो ।

## सङ्घीय संरचनामा संवैधानिक कानुनको भूमिकामा अष्ट्रियाली अनुभव – कार्तिक २२




सङ्घीय संरचनामा संवैधानिक कानुनको भूमिकामा अष्ट्रियाली अनुभव विषयक आधा दिने विशेष कार्यक्रम २०६७ कार्तिक २२ गते सीसीडीले आयोजना गरयो । भियना विश्वविद्यालयका दुईजना सहायक प्राध्यापकहरु डा. कोनराड लाचमेयर र डा. जोचिम स्टेर्नले सङ्घीय संरचनामा संवैधानिक तथा प्रशासनिक कानुनसम्बन्धी आफना व्यवसायिक ज्ञान तथा विशेषज्ञता प्रस्तुत गर्नुभयो । सो कार्यक्रम अष्ट्रियाली सङ्घीय संरचनाका सवालहरु तथा चुनौतीहरु र सङ्घीय गणतन्त्रको दीगोपनका लागि कानुनी तथा प्रशासकीय प्रारूप तर्जुमा गर्दा नेपालले ती अनुभवबाट सिक्न सक्ने कुरामा केन्द्रित थियो ।

## खप्तड : प्रस्तावित प्रदेश –मंसिर १६




खप्तड : प्रस्तावित प्रदेशसम्बन्धी विज्ञ छलफल कार्यक्रम मंसिर १६ गते सम्पन्न भयो । कार्यक्रममा डा. भोला चालिसे (अवकाश प्राप्त निजामति कर्मचारी), तेज सुनार (दलित अभियन्ता) र कृष्ण खनाल (सीसीडी निर्देशक) ले आ-आफ्नो विचार प्रस्तुत गर्नुभयो । कार्यक्रममा वर्तमान जनसंख्याका लागि कृषि उत्पादन यथेष्ट नभएकोमा सहमत भए । प्रस्तावित प्रदेशको भूगोलको पनि प्रस्तुति गरियो । यसले नेपालको कुल भू-भागको ९ प्रतिशत भाग, १३,५०० वर्ग कि.मि. ओगटेको छ । यसमा ६ वटा जिल्लाहरू - अछाम, बैतडी, बझाङ, डडेल्धुरा, दार्चुला र डोटी - पूर्ण रूपमा प्रस्तावित

प्रदेशको सीमाभित्र पर्दछ भने बाजुराका केही भाग तथा दैलेखका केही गाविसहरूपनि यसको सीमाभित्र समावेश गरिएको छ । सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल सिलगढी र डोटी जिल्लाको सदरमुकाम दुवैलाई प्रादेशिक राजधानीको रूपमा प्रस्ताव गरिएको छ । दलित समुदायलाई क्षतिपूर्ति तथा सामाजिक न्यायसम्बन्धी अधिकार र समतासम्बन्धी अधिकारसम्बन्धी प्रश्नहरू पनि उठ्यो । प्रा. खनालले प्रस्तावित प्रदेशसम्बन्धी केही पृष्ठभूमि तथा तथ्यहरूसहित सो प्रदेशको निर्माणसँग सम्बन्धित व्यवहारिक प्रश्नहरूमा प्रकाश पार्नुभयो । कार्यक्रममा संविधानसभाका सदस्यहरू, सरकारी कर्मचारी, नागरिक समाज तथा इच्छुक व्यक्तिहरू सहभागी थिए ।

## संविधानसभा–सदस्य रामरती रामसँगको अन्तरवार्ता : अथक अभियन्ता

***विभिन्न कठिनाइका बावजूद रामरती रामले आफनो लक्ष्य हासिल गरिन् ।***

मा. रामरती राम नेकपा एमालेको प्रतिनिधित्व गर्दै संविधानसभा सदस्य हुनुहुन्छ । उहाँ सिरहा जिल्लाकी हुनुहुन्छ र एक दलितका रूपमा संविधानसभामा महिला प्रतिनिधि भई उहाँको समुदायलाई गौरवान्वित बनाउनु भयो । वास्तवमा, एक दलित महिलाका रूपमा जातका कारण उहाँले विभेदको प्रत्यक्ष अनुभव हासिल गर्नु भएको छ र गाविसका अध्यक्षमा निर्वाचित भएपछि पनि यो अवस्था कायमै रह्यो । एक दलित र महिला भएको नाताले उहाँले सहनु परेका ती सबै निन्दाले गर्दा मात्र पनि आफूलाई आफनो विश्वासमा दरो उभिन तथा सबै दलित महिलाको अधिकारका लागि लड्नका लागि प्रेरित गरेको उहाँले बताउनु भयो । उहाँका संघर्ष तथा भविष्यको सपनाको बारेमा जान्न सीसीडीले रामरती रामसँग कुराकानी गरेको छ ।



**सीसीडीः तपाईंको संविधानसभा सदस्यको निर्वाचनसम्बन्धी केही कुरा भन्नुहोस् ।**

**रामरती :** म राजनीतिमा सक्रिय रूपमा सहभागी हुनथालेको एक दशक भन्दा बढि भयो र मैले कठिन बाटोमा कसरी अगाडि बढने भन्ने सिकें । वास्तवमा मैले सबै कुरा नै कठिन रूपमा सिकें । किनभने पुरुषको दबदबा रहेको पहाडि बाहुन सेरोफरोमा दलित समुदायकी एक महिलालाई कसले सुन्दैन, तर मैले अनपेक्षित काम गर्नसकें र विजयी भएँ । त्यसैले मैले दलित समुदायको अधिकारमा गरेको मेरो समर्पण र कठिन मेहनतलाई मेरो दलले देखेको हुनुपर्छ र त मेरो मनोनयनले उहाँहरुको निर्णयलाई न्याय पुरयाएको महसूस भएको हुनुपर्छ ।

**सीसीडीः तपाईंको आफनो सामाजिक जीवनका तीता अनुभव हामीलाई पनि बताउनु हुन्छ कि ?**

**रामरतीः** कहिलेकाँही मलाई लाग्छ कि एउटा गरिब दलित समुदायमा जन्म हुनु भनेको संघर्षको जीवन बाँच्नु हो । यद्यपी हाम्रो बाल्यकाल गरिबी मै बित्यो तर विवाहपछिको मेरो जीवनमा जब दिनको केवल ३ किलो चामलको लागि मैले मेरो श्रीमानसँग एक जमीन्दारको घरमा काम गर्न जानु पऱ्यो त्यसले मलाई झट्का लाग्यो । सो चामल प्रति किलो १० रूपैयाँमा बेचेर परिवार पाल्नलाई मुश्किलले पुग्ने पैसा हामी पाउँथ्यौं । जीवन वास्तवमै कठिन थियो । अझ धनी जमीन्दार र उसको परिवारले गर्ने भेदभावलाई शब्दमा बयान गर्न सकिन्दैन । मलाई लाग्यो कि यसको अन्त्य हुनुपर्छ र राजनीतिबाट मात्रै यसप्रकारको समस्याको समाधान गर्न सकिन्छ भन्ने कुरा अरुबाट सुनें । त्यसैले मैले राजनीतिमा लाग्ने निर्णय गरें । मेरो श्रीमानले सँधै हामी गरिब भएको र दलित समुदायमा जन्मेको यथार्थ स्वीकार गरी बस्थ्यो । उहाँलाई यही भाग्य भन्ने लाग्थ्यो र यसले धनीमानीलाई हामीमाथी यातना दिने अधिकार दिएको छ । तर म यसको अंश हुन्न । मैले मलाई सहयोग गर्न उहाँलाई राजी गरें र उहाँले मलाई सहयोग गर्नुभयो । आज उहाँ म माथि गर्व गर्नु हुन्छ । मैले जे गरें त्यो मेरोलागि मात्र थिएन, आउँदो पुस्ताको लागि थियो ताकि उनीहरुले त्यो भोग्न नपरोस्, जुन हाम्रो पुस्ताले भोग्नु परेको थियो ।

**सीसीडीः संविधानसभाको सदस्य भएपछि तपाईंप्रतिको व्यवहारमा कुनै फरक अनुभव गर्नु भयो ?**

**रामरतीः** अहँ, छैन । किनभने म विगत १२ वर्षदेखि राजनीतिमा सक्रिय छु र मैले पहिलो दलित महिलाका रूपमा जतियाही गाविस ९ को अध्यक्षमा निर्वाचित भई मेरो उपस्थिति पहिल्यै जनाइसकेकी थिएँ । त्यसैले मैले मेरो समुदायमा न्याय गर्नेछ र उनीहरुको सरोकारलाई नयाँ संविधानमा उठाउने छ भन्ने विश्वास जनतामा थियो । म उनीहरुको आकांक्षालाई पूरा गर्न सक्दो कोशिश गरीरहेकी छु ।

**सीसीडीः तपाईं अहिले संविधान लेख्ने ऐतिहासिक काममा संलग्न हुनुहुन्छ । नयाँ संविधानको सन्दर्भमा दलित महिलाका सवालहरुलाई कसरी उठाइरहनु भएको छ ?**

**रामरतीः** संविधानसभाको एक अंशको रूपमा मलाई लाग्छ कि मेरो समुदायका सबै व्यक्तिहरुको समस्याहरुलाई सम्बोधन गर्ने जिम्मेवारी ममा रहेको छ । कुनैपनि जातजातिविरुद्धको विभेदलाई अन्त्य गर्ने व्यवस्था नयाँ संविधानमा हुनुपर्छ भनी मैले जोड दिएकी छु । दलितहरुले ऐतिहासिक रूपमा जुन अवस्थाबाट गुज्रनु परेको थियो त्यसबापत क्षतिपूर्ति पाउनु पर्छ भनी मैले वकालत गरेको छु । सबै राज्य संयन्त्रमा १३ प्रतिशत आरक्षित कोटाको मागमा पनि म समर्थन गर्दछु । जमीनमा परिश्रम गर्दै आएका भूमिहीन सुकुम्वासीहरुलाई भूमिमाथिको अधिकार हुनुपर्छ । महिलाविरुद्धको घरेलु हिंसाको अन्त्य हुनुपर्छ, दलितले निःशुल्क शिक्षा पाउनु पर्छ र महिलाको रोजगारीलाई मौलिक हकका रूपमा समावेश गरिनु पर्छ । मेरो मुख्य सरोकार भनेको दलित त्यसमा पनि विशेषगरी दलित महिला हुन् । उनीहरु लामो समयदेखि शिक्षाबाट बन्चित रहेका छन् र उनीहरुको आर्थिक स्थिति निरन्तर विकराल रहिआएको छ । सरकारले दलित समुदायका लागि निःशुल्क शिक्षा तथा रोजगारका सुविधाको प्रत्याभूति गर्नुपर्छ ।

**सीसीडीः संविधानसभामा महिला तथा आदिवासी ककस जस्तै दलित महिला ककसपनि हुनुपर्छ भन्ने तपाईं महसुस हुन्छ ?**

**रामरतीः** हो । एउटा छुट्टै दलित महिला संविधानसभासद ककस हुनु धेरै महत्वपूर्ण छ भन्ने मलाई महसुस हुन्छ तर, संविधानसभामा दलित महिलाको प्रतिनिधित्व सानो छ । तापनि हाम्रो आवाज

सुनिएको छ भन्ने सुनिश्चित गर्नका लागि हामीले प्रतिनिधित्व गर्ने संविधानसभाका सबै समितिहरुमा हाम्रो सरोकार उठाउने कोशिश गरिरहेका छौं ।

**सीसीडीः अन्तमा थपिएको समयावधिभित्र संविधान घोषणा हुन्छ भन्नेमा तपाईं कतिको आशावादी हुनुहुन्छ ?**

**रामरतीः** ढिल्लो भएपनि समयमै संविधान लेखिनेछ भन्ने कुरामा म विश्वस्त छु । वास्तवमा कुनैपनि हालतमा संविधान लेखिनु पर्दछ किनकी यो देशमा विधिको शासन छैन र दण्डहीनता बढेको छ । देशमा रहेको संकट र असुरक्षाको अन्त्य गर्नका लागि संविधान लेखिनु पर्छ ।

## नागरिक समाज पहुँच कार्यक्रमका गतिविधिहरुः

### मधेसीहरुको सवालसम्बन्धी पता लगाइका निष्कर्षहरु संविधानसभाका सदस्यहरुसामु जानकारी

मधेसीहरुको सवालसम्बन्धी पता लगाइका तथ्यहरु तथा सिफारिसहरुलाई संविधानसभाका सदस्यहरुबीच जानकारी गराउने उद्देश्यले २०६७ साल कार्तिक १५ र १६ मा ललितपुरको गोदावरीमा दुई दिने कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा संविधानसभाका विभिन्न समितिका २४ जना सदस्यहरु सहित कुल ४५ जना सहभागीहरुले भाग लिएका थिए । सो कार्यक्रमको अगुवाई मधेसी गैसस महासंघ (MNF), थारु आदिवासी गैसस महासंघ (TINF), सोसल डेभलोपमेन्ट पाथ (SODEP) र ब्याकवार्ड सोसाइटी इजुकेसन नेपाल (Base) ले गरेको थियो । यी संस्थाहरुले गविसस्तरको लोकतान्त्रिक संवादबाट प्राप्त मधेसी र थारु समुदायसँग सम्बन्धित सवालहरु प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा मधेसी अभियन्ता चन्द्रकिशोर झाले पनि मधेसी समुदायसँग सम्बन्धित जटिल सवालहरुको सम्भावित समाधानका विकल्पहरु प्रस्तुत गर्नुभयो ।

### संविधानसभाका सदस्यहरु र राजनैतिक दलका नेताहरुलाई सङ्घीयता संवादसम्बन्धी जानकारी

यूएनडीपीको नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग (एसपीसीबीएन) परियोजनाले प्रादेशिक तहमा सन्चालन गरिएका सङ्घीयता संवादबाट प्राप्त मूल निष्कर्षहरुलाई राजनैतिक दलका वरिष्ठ नेताहरु र प्रभावशाली संविधानसभासदहरुलाई जानकारी गराउने कार्य चितवनको सौराहामा असोज १५ देखि १७ गतेसम्म सम्पन्न गऱ्यो । कार्यक्रमको मुख्य उद्देश्य संविधानसभाको राज्य पुनःसंरचना तथा शक्तिको बाँडफाँड समितिको मसौदा प्रतिवेदनको परिमार्जनका विषयवस्तु तथा प्रक्रियामा योगदान पुऱ्याउने थियो । सो तीन दिने कार्यक्रममा तीन प्रमुख दल, एनेकपा माओवादी, नेपाली काँग्रेस र नेकपा एमालेका गरी १५ जना नेताहरु, चार मधेसी दल र दुई साना दलका साथै संविधानसभाको अवधारणा पत्र तथा प्रारम्भिक प्रतिवेदन अध्ययन समिति र राज्य पुनःसंरचना तथा शक्तिको बाँडफाँड समितिका सदस्यहरु सहभागी थिए । संवाद समीक्षाको कार्यक्रम चार वटा सत्रमा आयोजना गरिएको थियो । ती थिए : प्रदेशहरुको नाम र सीमाना, शक्तिको बाँडफाँड, अल्पसंख्यकको अधिकार तथा विशेष संरचनाहरु ।




सबै प्रदेशहरुलाई कर उठाउन तथा अत्यावश्यकीय सरकारी सेवाहरु प्रदान गर्न समान रूपमा सक्षम तथा सन्तुलित बनाउन सीमाना, नाम तथा शक्तिमा ध्यान दिनु आवश्यक छ भनी संविधानसभाका सदस्य र नेताहरु बताउनु भयो । नेताहरुले छिमेकी सङ्घीय प्रदेशहरुबीच विवादास्पद दावीदेखि लिएर प्रादेशिक आर्थिक अन्तरनिर्भरतासम्मबाट उठेको कुनैपनि सुरक्षा सम्बन्धी विवादको समाधान गर्न भविष्यमा संवाद कायम राख्न पनि सुझाव दिए ।

**सीएसओका अन्य कार्यक्रमहरु**

***सङ्घीयता संवाद:*** सीएसओ टिमले कार्तिक १२ देखि १४ सम्म हुम्लाको सिमीकोटमा प्रस्तावित 'जडान प्रदेश' र मंसिर २ देखि ४ सम्म सोलुखुम्बूको सल्लेरीमा प्रस्तावित 'शेर्पा प्रदेश' सम्बन्धी दुईवटा सङ्घीयता संवाद सम्पन्न गर्‍यो ।

***मगरात अभियन्ता तथा संविधानसभाका सदस्यहरुसँग संवाद:*** २०६७ साल मंसिर १६ र १७ गते काठमाण्डौमा मगरात अभियन्ता तथा संविधानसभाका सदस्यहरुसँग संवाद कार्यक्रमको आयोजना गर्ने योजना रहेको छ ।

***२४० निर्वाचन क्षेत्रको प्रतिवेदन लोकार्पण कार्यक्रम:*** सीएसओ टिमले देशभरी निर्वाचन क्षेत्रको तहमा विस्तृत लोकतान्त्रिक संवाद सन्चालन गरिसकेपछि अहिले २४० निर्वाचन क्षेत्रको संवाद प्रतिवेदन तयार गरेको छ । यहि मंसिर महिनाको मध्यतिर यो प्रतिवेदन औपचारिक रूपमा लोकार्पण तथा संविधानसभाका अध्यक्षलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

## बीबीसी वर्ल्ड सर्भिस ट्रस्टका गतिविधिहरू

**गत अङ्कको इ-बुलेटिनदेखि साझा सवालले निम्नलिखित विषयहरु समेटेको छ :**

- संविधानसभाका सदस्यहरुको आफना मतदाताहरुसँग भेट ।
- नयाँ संविधानमा कस्तो खालको कल्याणकारी राज्यको व्यवस्था हुनुपर्दछ ?

- कुन हदसम्म नेपालको विकास असफल भयो?
- अनमिनले नेपाल छोडेपछि नेपालको शान्ति प्रक्रिया के हुने हो ?
- नेपालले सहस्राब्दी लक्ष्य पूरा गर्न सक्ला ?
- वर्तमान राजनीति र संविधान लेखनमा देखिएको अवरोध ।
- नेपाली काँग्रेस ( के यसमा परिवर्तन आएको हो ?
- नेपालबाट बौद्धिक पलायन - संयुक्त राज्य अमेरिकाबाट प्रतिवेदन ।
- नेपालमा कृषि उद्योग तथा विकासको भविष्य ।

**अनमिनले नेपाल छोडेपछि नेपालको शान्ति प्रक्रिया के हुन्छ ?**

**वक्ताहरु :** **कृष्ण प्रसाद सिटौला (नेपाली काँग्रेसका नेता तथा पूर्व गृहमन्त्री)**
**जनार्दन शर्मा प्रभाकर (एनेकपा माओवादी - पूर्व शान्तिमन्त्री)**

संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) को कार्यावधि आउँदो जनवरी २०११ मा सकिंदैछ । यस कार्यक्रमले अनमिनको मिसनको आजसम्मको गुण र दोषलाई खोतल्नेछ ।




**कार्यक्रमको मूल कुरा :**

**कृष्ण प्रसाद सिटौला:** अनमिनले माओवादी सेनाको एकिकरण तथा शान्ति प्रक्रियामा निष्पक्ष रूपमा काम गर्न सकेन तथा अनमिन वास्तवमा माओवादीप्रति नरम भए । लडाकूहरुलाई शिविर बाहिर जान तथा आपराधिक क्रियाकलापमा संलग्न हुन छुट दिएकोले अनमिन पीएलएको सुपरिवेक्षण गर्ने कार्यादेश निर्वाह गर्नमा असफल रह्यो भनी उनले आरोप लगाए । उनले अनमिनको कार्यादेशको पुनरावलोकन गर्नुपर्दछ र नेपाल सेनाको सुपरिवेक्षणलाई अनमिनले आफनो कार्यादेशबाट हटाउनु पर्दछ पनि भन्नुभयो ।

**जनार्दन शर्मा प्रभाकर:** नेपाली काङ्ग्रेस र नेकपा एमालेका विचार सुन्दा उनीहरु शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुगेको हेर्न गम्भीर छैनन् भन्ने देखाउँछ, उनले दाबी गर्नु भयो । संयुक्त राष्ट्रसङ्घीय निकाय विद्रोहीप्रति सहानुभूति राख्ने गर्दछ भन्ने विश्वव्यापी रूपमा साझा गुनासो रहने गरेको उनले बताउनु भयो । अनमिन आफनो कार्यादेशकै आधारमा काम गरिरहेको तर्क गर्नु भयो । अनमिनको अनुपस्थितिले देशलाई गहिरो संकटमा लैजाने बताउनु भयो । उहाँले नेपालको शान्ति प्रक्रिया अनमिनको कारणले होइन बरु राजनैतिक दलहरुबीचको भिन्नताको कारणले अवरुद्ध भएको हो भन्नेमा पनि जोड दिनुभयो ।

कार्यक्रमका दर्शकमा शिक्षक, विद्यार्थी, सामाजिक कार्यकर्ता, नेपाली काङ्ग्रेस, एनेकपा माओवादी तथा नेकपा एमाले दलका सदस्यहरु, शान्ति निर्माण कार्यमा संलग्न संस्थाहरु आदि थिए ।

**वर्तमान राजनीति तथा संविधान लेखनमा देखिएको अवरोध**

२०६७ साल जेठ १४ गतेपछि संविधानसभाको समय एक वर्षको लागि थपिएको छ । यस साझा सवाल कार्यक्रममा संविधानसभाले त्यसपछिको समयमा के गरिरहेको छ भन्ने विषयमा छलफल गरिनेछ ।




**कार्यक्रमका वक्ताहरु:**

- **पोष्टबहादुर वोगटी (प्रमुख सचेतक, एनेकपा माओवादी)**
- **लक्ष्मण घिमिरे (प्रमुख सचेतक, नेपाली काङ्ग्रेस)**
- **भीम आचार्य (प्रमुख सचेतक, नेकपा एमाले)**

**पोष्टबहादुर वोगटी (प्रमुख सचेतक, एनेकपा माओवादी)**

- एनेकपा माओवादी दलको लागि मुख्य एजेण्डा भनेको शान्ति र संविधान हुन् ।
- संविधानसभाका सदस्यहरु संविधान बनाउन कार्यरत छैनन् ।
- हामी जनताको गणतन्त्र चाहन्छौं तर अन्य दलहरु हामीसँग सहमत छैनन् । हामी बहुदलीय लोकतन्त्रमा विश्वास गर्छौं तर बहुलतामा होइन ।
- संसदीय व्यवस्था असफल भइसकेको छ किनकी यस व्यवस्थाले प्रधानमन्त्री चुन्न सकेन ।

**लक्ष्मण घिमिरे (प्रमुख सचेतक, नेपाली काङ्ग्रेस)**

- राजनैतिक गतिरोधमा संविधानसभाका सदस्यहरूमात्र जिम्मेवार छैनन् । वरिष्ठ नेताहरुले पनि आफूले शक्ति हासिल गर्नका लागि अव्यवस्थाको सिर्जना गरिरहेका छन् ।
- माओवादीले जे भनेपनि हामी लोकतन्त्र, बहुलवाद, विधिको शासन, स्वतन्त्र न्यायपालिका, आदिबाट पछि हट्न सक्दैनौं । यही नेकाको आत्मा हो ।
- यस गतिरोधका लागि एमाले जिम्मेवार छ । गतिरोधको अन्त्यको लागि उनीहरुले आफनो मत कि त माओवादी कि त नेकालाई दिनुपर्छ ।

**भीम आचार्य (प्रमुख सचेतक, नेकपा एमाले)**

- संविधान निर्माण प्रक्रिया ढिलो हुनुमा एमाले जिम्मेवार छ भन्नु एकदमै गलत हुन्छ । हामी तटस्थ छौं र हामी सहमतिको सरकार तथा शान्ति दुवै चाहन्छौं । यसको लागि नेका र माओवादी दुवैले प्रमको चुनावबाट पछि हटनु पर्छ । प्रमको पद ओगटनु भन्दा संविधान निर्माण गर्नु बढि महत्वपूर्ण छ ।
- अहिलेको राजनैतिक संघर्ष नै संविधान निर्माणको मुख्य बाधा हो ।


कार्यक्रमका दर्शकमा शिक्षक, विद्यार्थी, प्राध्यापक, राष्टिय/अन्तरराष्टिय गैससका प्रतिनिधि, व्यवसायिक समुदायका व्यक्ति तथा वकिलहरु आदि समावेश थिए ।

**<u>संविधानसभाका सदस्यहरुको आफना मतदाताहरुसँगको भेट</u>**


साझा सवालको टिमले संविधानसभाका तीनजना सदस्यहरुलाई काठमाण्डौं र काभ्रेबाहिर उहाँहरुको जिल्लामा लग्यो । कार्यक्रमको उद्देश्य संविधानसभाका सदस्यहरुले आफना वाचाहरु पुरा गरे नगरेको हेर्नु रहेको थियो । यसमा सहभागी सभासदहरु थिए : झक्कूप्रसाद सुवेदी (एनेकपा माओवादी) नवीनराज जोशी (नेपाली काङ्ग्रेस) र कृष्णप्रसाद सापकोटा (नेकपा एमाले) । सभासदहरुले आफनो समुदायका किसान, अभियन्ता तथा पसलेहरुसँग भेटे । यस कार्यक्रमले स्रोता तथा दर्शकहरुबाट धेरै सकारात्मक प्रतिक्रियाहरु प्राप्त गरयो ।

## संविधान निर्माणसम्बन्धी स्रोतसामग्री तथा नयाँ प्रकाशनहरू


**नोभेम्वर २०१० देखिका स्रोतहरुको अद्यावधिक विवरण**





नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग (एसपीसीबीएन) । यूएनडीपीले मुक्ति रिजाल तथा महेन्द्र लम्सालद्वारा लिखित तथा सम्पादित **नागरिक सचेतना पुस्तिका**को प्रकाशित गर्‍यो । यो पुस्तिकामा संविधानसभाका एघार वटै विषयगत समितिहरुको प्रतिवेदनको विश्लेषणलाई सरल रूपमा पढन सकिने गरी प्रस्तुत गरिएको छ । सर्वसाधारण जनताका लागि भनी नेपाली भाषामा लेखिएको यो पुस्तिका मार्च २०१० मा प्रकाशित गरिएको थियो ।




नेपाल कानुन समाज, आइडिया इन्टरनेशनल र संविधानसभा, नेपालद्वारा संयुक्त रूपमा **संविधानसभाका विषयगत समितिहरुको अवधारणा पत्र तथा प्रारम्भिक मसौदामा टिप्पणी (भाग २)** प्रकाशित गर्‍यो । यस पुस्तकमा संविधानसभाका विषयगत समितिहरुको पाँचवटा अवधारणा पत्र तथा प्रारम्भिक मसौदाको विज्ञहरुले समीक्षा गर्नुका साथै कानुनी तथा संवैधानिक मान्यताहरुको आधारमा तिनीहरुको सबल तथा दुर्बल पक्षहरुको विश्लेषण गरिएको छन् ।




एरविन केमेरिन्स्कीद्वारा लिखित तथा एस्पेन पब्लिसर्सद्वारा प्रकाशित **संवैधानिक कानुन : सिद्धान्त तथा नीतिहरु** नामक पुस्तकले सम्बन्धित विषयमा स्पष्ट जानकारी गराउन्छ । यस पुस्तकले प्रारम्भिक तथा उच्च तह दुवैमा संवैधानिक कानुनका सबै क्षेत्रहरुलाई सम्बोधन गरेको छ र यसले संवैधानिक कानुनसम्बन्धी बहसका सबै पक्षहरुको जाँच गर्ने तथा संवैधानिक कानुनसम्बन्धी सिद्धान्त र अन्तरनिहित नीतिगत सवालहरुलाई प्रस्तुत गर्ने सम्बन्धमा तटस्थ बाटो लिएको छ ।




***संविधानसभालाई नागरिक समाजको सुझाव २००९ को समीक्षा तथा विश्लेषण :*** प्राध्यापक कृष्ण खनाल र विनयकुमार कुसियतद्वारा संयुक्त रूपमा तयार गरिएको यस प्रतिवेदनले संविधानसभाको पहिलो चरणको नागरिक पहुँच कार्यक्रमको बेलामा विभिन्न गैरसरकारी संस्थाहरुमार्फत् पेश गरिएका नागरिक समाजको सुझावहरुको समीक्षा तथा विश्लेषण गरेको छ। लेखकहरुले संविधानसभाका समितिका विभिन्न प्रस्तावहरु जस्तो कि नागरिकता, मौलिक अधिकार तथा राज्यका निर्देशक सिद्धान्तहरु, महिलाका अधिकार तथा आकांक्षाहरु, बाल अधिकार, दलित अधिकार, आदिको सिलसिलेवार रूपमा विश्लेषण गरेका छन्। धेरै आदिवासी समुदाय, दलित, मधेसी तथा अन्यले विगतमा भएका विभेदका लागि खेदजनक वाक्यांशहरु प्रस्तावनामा समावेश गरिनुपर्छ भनी माग गरेको भनी प्रतिवेदनले बताउँछ। नेपालीमा पनि उपलब्ध छ।

*~***~*